प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १८६ ॥ २०८२ भाद्र ०१ गते आईतबार (17th Aug 2025 Sunday) Pratidin National Daily मूल्य-रु.५/-

## झुम्का कारागारबाट फरार कैदी बिर्तामोडमा पक्राउ



झापा(प्रस)। तीन दिनअघि सुनसरीको झुम्का कारागारबाट पर्खाल नाघेर फरार भएका कैदी बिर्तामोडमा पक्राउ परेका छन् । सुनसरी कारागारबाट पर्खाल नाघेर फरार भएका जबरजस्ती करणी कसूरमा सजाय भोगिरहेका जिल्ला खोटाङ, चुइचुम्मा गाउँपालिका-२ घर भएका २८ वर्षीय रुपक पौडेल (खत्री) शनिवार बिहान बिर्तामोड १० स्थित विराटपोखरबाट पक्राउ परेका हुन् ।

गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले खोजतलासका क्रममा बिर्तामोड नगरपालिका वडा नं. १० बिराटपोखरमा लुकिछिपि बसिरहेको अवस्थामा उनलाई बिहान ६ बजे पक्राउ गर्न सफल भएको सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले बताए । पौडेल विराटपोखरस्थित आफन्तको घरमा लुकेर बसेको राति नै प्रहरीले सूचना पाएको थियो । राति पक्राउ गर्न खोज्दा उनी भागेका थिए । रातिदेखिको प्रयासमा उनलाई विहानीपख पक्राउ गर्न सफल भएको हो । थप अनुसन्धानको लागि उनलाई जिल्ला प्रहरी कार्यालय सुनसरी पठाइएको छ ।

जबरजस्ती करणी (बलात्कार) मुद्दामा सजाय तोकिएका पौडेल झुम्का कारागारबाट फरार भएपछि छानबिन समिति गठन गरिएको थियो ।

कारागारका जेलर सुवासकुमार लामिछानेका अनुसार कारागारको पर्खाल नाघेर बुधबार बिहान २ बजेतिर खत्री फरार भएको चौकीदारले कारागार प्रशासनलाई जानकारी गराएका थिए। सामूहिक बलात्कारको घटनामा संलग्न खत्रीलाई अदालतले पुर्पक्षका लागि २१ साउन २०८१ मा कारागार चलान गर्न आदेश दिएको थियो। पछिल्लोपटक २५ चैत २०८१ मा जिल्ला अदालत सुनसरीले १३ वर्ष कैद सजाय हुने फैसला गरेको थियो। अदालतको फैसला अनुसार सजाय भुक्तान गरिरहेका उनी फरार भएपछि छानबिन समिति बनाइएको थियो । कारागारको बी ब्लकबाट १६ फिट अग्लो पर्खाल नाघेर उनी भागेका थिए ।

# जुट खेती घटेर १० प्रतिशतमा झर्यो

झापा(प्रस) । करिब तीन दशकअघि मोरङ, सुनसरी र झापामा ७० हजार हेक्टर क्षेत्रमा जुट खेती हुन्थ्यो । जुटको वार्षिक उत्पादन १ लाख टनभन्दा बढी पुग्थ्यो । तर अहिले खेती क्षेत्र घटेर जम्मा ६ हजार ९ सय ८५ हेक्टरमा सीमित भएको छ र वार्षिक उत्पादन पनि झरेर करिब १० हजार टनमा पुगेको कृषि निर्देशनालय, विराटनगरले जनाएको छ ।

जुट खेतीको इतिहास विराटनगरका प्रतिष्ठित उद्योगी रामलाल गोल्छासँग प्रत्यक्ष जोडिन्छ । भारतको बंगालमा जन्मिएका गोल्छाले विसं १९७८ मा नेपाल प्रवेश गरी मोरङको देवानगञ्जबाट कच्चा जुटको व्यापार सुरु गरेको इतिहास छ । २३ वर्षको उमेरमा मासिक पाँच रुपैयाँमा घर र गोदाम भाडामा लिएर व्यापार थाल्दै, केही वर्षमै विराटनगर सरेर भारतको कटिहारमा जुट पठाउने काम गर्न उनले थालेको जानकारहरु बताउँछन् ।



व्यापार विस्तारसँगै उनले उद्योग स्थापना गर्ने योजना बनाए । भारतको कटिहारस्थित जुट मिलका प्राविधिक र कलकत्ताको श्री इन्डस्ट्रिजसँगको साझेदारीमा वि.सं. १९९३ मा उनले विराटनगर जुट मिल स्थापना गरे । त्यसपछि रघुपति जुट उद्योग खोलेपछि पूर्वी तराईमा व्यावसायिक जुट खेतीको सुनौलो युग सुरु भएको थियो । हाल सरकारी स्तरको विराटनगर ज़ुट मिल लामो समयदेखि बन्द छ । निजी लगानीका रघुपति, अरिहन्त, बाबालगायतका जुट मिल भने अझै सञ्चालनमै छन् ।

स्थानीय उत्पादनले माग पूरा गर्न नसकेपछि विराटनगरका उद्योगीहरूले भारत र बंगलादेशबाट जुट आयात गरी उद्योग सञ्चालन गरिरहेका छन् । जुटको आयात वर्षेनि तीव्र गतिमा वृद्धि भइरहेको छ । तर, उत्पादन भने बर्सेनि साँघुरिँदै गएको छ ।

विराटनगर भन्सार कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा मात्र ८१ करोड ८७ लाखभन्दा बढी मूल्यको कच्चा जुट आयात भएको छ । यसै अवधिमा ३१ लाख ४६ हजार भन्दा बढी मूल्यको सनपाटको धागो (डोरी) र २६ लाख ५० हजार मूल्यको जुटबाट बुनिएको कपडा आयात भएको छ । उक्त वर्षमै ३३ करोड ४६ लाख ५७ हजार मूल्यको सनपाटको धागो र ६ अर्ब ३ करोड ३८ लाखभन्दा बढी मूल्यको जुटबाट बुनिएको कपडा निर्यात भएको भन्सार कार्यालयले जनाएको छ ।

यस्तै, मेची भन्सार कार्यालय काँकडभिट्टाबाट समेत जुट आयात हुँदै आएको छ । भन्सार कार्यालयका अनुसार यो नाकाबाट मुख्यतः बंगलादेशी जुट आयात हुन्छ ।

आर्थिक वर्ष २०८१/०८२ मा ४ अर्ब ४५ करोड ५७ लाख मूल्यका जुट तथा जुटजन्य उत्पादन आयात भएको छ । यो मेचीबाट आयात हुने प्रमुख १० वस्तुमध्ये दोस्रो हो । मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा ३ अर्ब ४६ करोड ९६ लाख मूल्यका जुट तथा जुटजन्य उत्पादन आयात भएको थियो । अघिल्लो वर्षभन्दा २८ दशमलव ४ प्रतिशतका दरले आयात वृद्धि भएको हो ।

## बनियानी बजारमा साना किसानसंग 'दादा भत्ता' असुली



झापा(प्रस)।झापाको कचनकवल-६, बनियानी बजारमा तरकारी बेच्न आउने साना किसानहरूसंग अवैध रूपमा सब्जी असुल्ने गरिएको तथ्य फेला परेको छ। हप्तामा दुई दिन, सोमबार र शुक्रबार, हटिया लाग्ने यस बजारमा प्रायः स्थानीय साना किसानहरू आफ्नै वारीमा उत्पादन गरेको तरकारी बेच्न आउँछन्। साथै भारतबाट पनि केही किसानहरू तरकारी बिक्रीका लागि आउँछन्।

पीडित किसानहरूका अनुसार बजारमै घर भएका केही व्यक्तिहरूले बाहिरबाट आएका किसानलाई "बजारमा बस्ने भए सब्जी निःशुल्क दिनुपर्छ" भन्ने दबाब दिने गरेका छन्। सब्जी दिन अस्वीकार गरे अर्को दिन बजारको सडकमा बस्न नदिने चेतावनी दिने गरिएको उनीहरूको भनाई छ। एक किसानले आफ्नो नाम गोप्य राख्ने सर्तमा भने, "नदिए बजारको सडकमा बस्न पाउने ग्यारेन्टी छैन, त्यसैले बाध्य भएर दिनुपर्छ।"

बनियानी बजार कृषि बजारको रूपमा दर्ता गरिएको छ। यहाँ तरकारी बेच्ने किसानहरूले दैनिक "बटी" को रूपमा स्थानीय सरकारलाई कर तिरेका हुन्छन्। तर कर तिरेर पनि "दादा भत्ता" का नाममा सब्जी दिनुपर्ने बाध्यता रहेको उनीहरूको गुनासो छ।

२०२१ सालतिर समला मरल राजवंशीले आफ्नै जग्गामा बनियानी बजार सुरु गरेका थिए। 'समला मरलेर हाट'का रुपमा प्रख्यात त्यतिबेला बिक्री नभएका सामान समेत उनले किसानबाट किनिदिने गरेको स्थानीयहरू स्मरण गर्छन्। तर अहिलेको अवस्थाले किसानहरूलाई आर्थिक र मानसिक दुवै रूपमा दबाबमा पारेको उनीहरूको भनाइ छ।

# अलविदा गुरुभक्त सर



• **वीरु दर्नाल**

पूर्वी नेपालको शिक्षा क्षेत्रका एक अभिभावक शिक्षासेवी गुरुभक्त न्यौपाने सर हामी माझ रहनु भएन । केही वर्षदेखि अस्वस्थ रहनु भएका आदरणीय गुरुको हिजो साउन ३० गते शुक्रबार बिहान असामयिक निधन भयो । सरको असामयिक निधनले पूर्वी नेपालको शिक्षा तथा सामाजिक क्षेत्र एकाएक अन्धकार भएको महसुस गरिएको छ । शिक्षाको विकास र प्रवर्द्धनमा उहाँको अभाव चीरकालसम्म खड्किरहने यस क्षेत्रका अभिभावकहरुको बुझाई रहेको छ । श्रद्धेय गुरुको असामयिक अवसानप्रति गहिरो दुःख ब्यक्त गर्दै चीर शान्तिको कामना गर्दछु । यस दुःखद् क्षणमा श्रद्धेय गुरुसँगका केही स्मृतिहरु उल्लेख गर्ने अनुमति चाहन्छु ।

विक्रम संवत् २०१७ साल असार २८ गते सोमबारका दिन तेह्रथुम जिल्ला आठराई ५ स्थित छातेढुंगा , टुँडिखेलमा पिता नन्दलाल न्यौपाने र आमा चन्द्रमायाको कोखबाट जन्म भएको थियो सरको ॥ मलाई लाग्छ क्याम्पस स्तरीय उच्च शिक्षा उतै सकेर २०३८ साल जेठमा झापा जिल्लाको तत्कालीन अनारमनी गाउँ पंचायत २ हालको स्थानमा बसाइँ आउनु भएको हो । तत्कालीन अवस्थामा वडा फरक भए पनि पंचायत भने अनारमनी नै थियो भन्ने मेरो अनुमान छ । अनुमान किन उल्लेख गरें भने अहिलेको बिर्तामोड नपा ४ मा रहेको ठाउँमा उहाँको खेती थियो । खेतीसँगै घर थियो वा थिएन त्यो मैले स्मरण गर्न सकिनँ वा पछि खेती रहेकै ठाउँमा घर बनाएर बस्नु थाल्नु भयो । यसबारे म अनभिज्ञ नै रहेको उल्लेख गर्दछु । यो समय करिव ०३९-४० सालको कुरा हो । मेरो घर त्यहींदेखि अलिक पर्तिर उत्तर पूर्व स्यालडाँगीमा थियो । यहींदेखि बिर्ताबजारस्थित महेन्द्र रत्न मावि जाँदा आउँदाको अनुभव हो यो मेरो ।

हामी हिडेरै स्कुल जान्थ्यौं साथीभाईको हुल बाँधेर । त्यसैबिच अग्लो ज्यान भएका गुरुभक्त सर पनि हिडेरै लिटल फ्लावर्स स्कुलमा टिचिङ गर्न जानु हुन्थ्यो । बाटामा जम्काभेट हुन्थ्यो । हामी डरले तर्किएर हिड्थ्यौ । संवाद हुँदैथ्यो । त्यसैगरी केही वर्ष बिते । हामी पनि ठुलो कक्षामा पुग्दै गयौं । त्यतिकैमा गुरुभक्त सरले लिटल फ्लावर्स स्कुल छोडेर गरामनीस्थित दुर्गा माविमा सरकारी जागिरे भएर अध्यापन शुरु गर्नु भयो । त्यस बेलासम्म सरसँग हाम्रो निकटता भईसकेको थियो । मेरो बुबासँगको राम्रो सम्बन्ध पनि थपियो होला । हामी पनि सरको नजिक बन्न थाल्यौं फरक स्कुल भए पनि । बाटोमा समसामयिक विषयका कुरा, विद्यालयका गतिबिधिका कुरा हामीबिच हुन थाल्यो । त्यसले गर्दा हामी सरको नजिक भएकोमा गर्व गर्थ्यौं । त्यतिबेलासम्म सरले मलाई राम्ररी बुझिसक्नु भएको रहेछ भन्ने मलाई पनि लाग्न थाल्यो जब सरको आँखामा म पर्न थाल्दै गएपछि ।

यतिकैमा म कक्षा ६ मा पुगेको रहेछु । स्कुलमा छात्रवृत्तिको निवेदन दिने चलन थियो मैले पनि दिएको थिएँ । सानैदेखि अनुशासित र स्काउटको विद्यार्थी भएकोले मलाई सरले नजिकबाटै बुझ्नु भएको रहेछ । छात्रवृत्ति सिफारिस समितिको मिटिङ बस्दै रहेछ स्कुलमा ,त्यही बेला गुरुभक्त सर पनि दुर्गा माविबाट हाम्रो स्कुल महेन्द्र रत्न माविको त्यो मिटिङमा सहभागी बन्न जोडिनु भएको रहेछ ।त्यही मिटिङमा सरले मेरो नाम प्रस्तावसहित पास गराउन पहल गर्नु भएछ । त्यो कुरा त्यसरी नै बाटोमा कुनै एक दिन जम्काभेट हुँदा मलाई जानकारी गराउनु भयो तिम्रो नाम छात्रवृत्तिमा सिफारिस भयो है भनेर । यो कुरा ०४१ सालको हो । त्यो दिनदेखि भावनात्मक रुपले नजिक भएको र अहिले पनि स्मरण गर्छु त्यो दिन अनि त्यो पल ।

दुर्गा मावि , गरामनीमा गुरुभक्त सरको लोकप्रियता निक्कै बढ्यो । अंग्रेजी विषयका धुरन्धर शिक्षक । त्यो बेला अंग्रेजी पढाउने सरको ईज्जत र नामको कुरै नगरौं । मेरो पढाई ठिकै थियो फेरि पनि एसएलसी पास गर्ने पर्छ भन्ने चुनौति थियो नै । यसैविच कक्षा ८ मा पुगेपछि त्यही क्षेत्रका हामी केही साथीहरुले सरको घरैमा गएर बिहान ट्यूसन पढ्ने कुरा मिलायौं । झण्डै ४-५ महिना बिहान हामी ट्यूसन पढ्न थाल्यौ । त्यो बेलासम्म सरको सेन्टर बेरा लगाएको एक तले टिनको घर थियो । त्यो बेला त्यस्तो घर हुनु नै सपना थियो हामीहरुको । हामी पढ्दा सरका छोरा हाल डाक्टर केशवराज न्यौपाने भाइ एक-दुई वर्षको हुनुहुन्थ्यो जस्तो लाग्छ ।

हामी पढ्दा भित्र खाटमा रोएको सुनिन्थ्यो र थुम्थुम्याउन हामी साथीहरुमध्ये एक जना भित्र पसेर केशव बाबूलाई शान्त पार्थ्यौं । गुरु आमा र आमा घर गृहस्थीमै ब्यस्त देख्थ्यौं । बिहान दुई सेशन ट्यूसन कक्षा हुन्थ्यो जस्तो लाग्छ । ट्यूसन सकेर हामी घर गएर खाना खाएर स्कुल जान्थ्यौं । सर पनि गरामनी स्कुल जानु हुन्थ्यो । बिर्ताबजारसम्म हिडेर त्यहाँदेखि सार्वजनिक बस चढेर । यसैबिच एक दिन हामी पिसाव फेर्न बारीतिर जाँदा परपरसम्म खेत जोतिएको देख्यौं । हामीलाई आश्चर्य लाग्यो कि सरको घरमा हली पनि राखेको छैन । बिहान कसैले जोतेको पनि देखिदैन तर खेतीवारी जोतिएकै छ । यसबारे बुझ्दा ट्यूसन कक्षा सकेर दश बजेपछि सर आफैंले बारी जोत्नु हुँदो रहेछ । यो हाम्रो आँखैं पनि कयौं पटक देख्यौं । त्यो बेला हामीलाई लाग्यो , अहो ! हाम्रो सर त कस्तो मिहेनती हुनुहुँदो रहेछ , कति दुःख गर्नु हुँदो रहेछ । यस्तो पनि गर्न सकिने रहेछ भन्ने लाग्यो । नत्र , यस्तो नाम चलेको सरले खेतीपाती गर्न, वस्तुभाउ रेखदेख गर्न कुनै सहयोगी ( त्यो बेला हली भनिन्थ्यो ) राख्न पनि सक्नु हुन्थ्यो । तर सरले कुनै सहयोगी नराखी दुई- अढाई बिगाह खेती आफैं उतार्नु हुन्थ्यो हिउँद बर्खे । यसले सरप्रति अति नै सम्मान जगायो र त्यसबाट हामीले पनि कसरी गरिखानु पर्ने रहेछ भन्ने त्यो बेलै सिक्यौं । निक्कै पछि सरले साइकल चलाएर स्कुल गएको देख्न थाल्यौं ।

सरसँग फेरि अर्को प्रसँगले सम्बन्ध जोड्यो । मेरो काकाको छोरा युवा अवस्थामै बित्यो । उसको एक मात्र छोरालाई कन्चनजंघा स्कुलमै हालिएको थियो । एक-दुई कक्षा पढ्दै थियो होला । सरलाई सबै पारिवारिक अवस्था नजिकबाटै थाहै थियो । त्यसैबिच हेम- सरिता पाठक फाउण्डेशनले कक्षा १२ सम्म निःशुल्क शिक्षा दिने भन्ने छात्रवृत्ति कार्यक्रम सुरु गर्यो ।

कन्चनजंघा बोर्डिङले त्यो कार्यक्रम पायो । अझ भनौं सरकै पहलमा त्यो कार्यक्रम आयो हाम्रो घर आँगनको बिद्यालयमा । मेरो त्यो भतिजोलाई सरकै पहलमा कक्षा १२ सम्म निशुल्क पढ्ने अवसर प्राप्त भयो । भतिजो केटोले नपढ्ला भनेर हरेक भेटहरुमा केटोलाई अलिक ऊर्जा दिनु है नत्र भोलीका दिनमा त्यो सुबिधा काटिन सक्छ भन्दै सचेत गराउनु हुन्थ्यो सरले । त्यो सबै गरिरहनु नै एक अभिभावकको कर्तव्यभन्दा माथि थियो भन्ने आज स्मरण गर्छु ।

यस्तै पछिल्लो एक अर्को स्मरण पनि छ । मेरो संरक्षणमा रहेकी एक नानी जो एकल आमाकी मेघावी छोरी थिइन् ( छोरीकै लागि आमा बिदेशमा छिन् ) । उनीले एसएलसी पास गरिन् । उनकै ईच्छा अनुसार कन्चनजंघा ( नमूना ) कलेज पढ्ने भनेर मैले लिएर गएँ । सबै कुरा सकिएपछि आधा शुल्कमा पढ्ने ब्यवस्था गरिदिनु भयो । आज ती नानीले काठमाण्डौबाट फेशन डिजाईनमा स्नातक सकिन् । यो सबै आशीर्वाद गुरुभक्त सरबाटै प्राप्त भएको हो ।

**निष्कर्ष र आत्मबोध**

एउटा सामान्य शिक्षण जागिरबाट सुरु भएको सरको शैक्षिक यात्राले आज आईपुग्दा विराट ज्योति बोर्डिङ र कन्चनजंघा बोर्डिङं , नमूना कलेजमार्फत् हजारौं छोराछोरीलाई शिक्षाको ज्योति दिन सफल बन्नु भयो गुरुभक्त सर । हजारौं अभिभावकको अवस्था अनुसार कुरा सुनेर सहयोग गरिदिनु भयो । सयौं सामाजिक संघ संस्थाको अभिभावक बनेर आर्थिक सहयोगको भरथेग गरिदिनु भयो । कसैलाई खाली हात फर्काउनु भएन । राजनीतिक दल , बिद्यार्थी संघ संगठन आदि सधैं उहाँकै हातको आश राख्थे र त्यो पुरा पनि गरिदिनु हुन्थ्यो । यसरी सम्झिदा लाग्छ कि एउटा ब्यक्तिले निष्ठापूर्वक आफ्नो कर्म गर्दा यही समाजमा उपल्लो उपलब्धी गर्न सकिने रहेछ जसको जिउँदो प्रमाण हो श्रद्देय गुरु गुरुभक्त न्यौपाने । गुरुभक्त सर युवाहरुको लागि एक प्रेरणाको किताव हो जसलाई पढ्न धैर्यता भए पुग्छ ।

अन्त्यमा, एउटा कुरा भन्नै मन लाग्यो कि अनौपचारिक रुपले चन्दाको मोलमोलाई गर्ने युवा संगठन र राजनीतिक दलका साथीहरुलाई स्मरण गराउन चाहन्छु कि तपाईहरुले फलेको रुख देख्नु भयो र कयौं पटक झटारो हान्नु भयो । त्यो बेला गुरुभक्त सर कति पनि बिचलित बन्नु भएन , कारण उहाँमा सत्कर्मको ईतिहास थियो , आत्म विश्वास थियो । त्यसैको परिणाम उहाँको शवयात्राले देखाएको थियो । धेरै मलामी जाने मध्येमा म पनि पर्छु भन्ने लाग्छ । हिजोको त्यो मानव सागरको भिड पहिलो पटक देखें । पूर्वको शिक्षा क्षेत्रको धरोहर उहाँको निधनले अपूरणीय क्षति भएको छ । यो क्षति राज्यलाई हो , समाजलाई हो । अन्त्यमा ९८ वर्षीय पिता , बृद्धा आमाद्वय , ५ दाजुभाइको बिशाल परिवार , सबै डाक्टर पेशामै आवद्ध तीन छोरी , एक छोरा सम्पूर्ण परिवारमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् । श्रद्देय गुरुको आत्माले चीर शान्ति पाओस् । अलविदा सर ..

# रञ्जिलाको पहिलो कृति “प्रेरणा” को विमोचन

शान्तिराम बस्नेत

झापा । रञ्जिला लिम्बुद्वारा लिखित पहिलो कृति “प्रेरणा” उपन्यासको झापाको दुधेमा विमोचन भएको छ ।

सतासी साप्ताहिक खबर पत्रिकाको आयोजनामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिसमेत रहेका प्राज्ञ श्रवण मुकारुङले लेखकको जीवन मेटिए पनि कृति र सिर्जना कहिल्यै नमेटिने भन्दै लेखिकालाई निरन्तर लेखनमा सक्रिय रहन शुभकामना दिएका थिए । शिवसताक्षी नगरपालिकामा नगर प्रमुख मेघाहाङ थोप्रा (रोशन) को विशिष्ट आतिथ्यता तथा साहित्यकारहरू प्रकाश बुढाथोकी, शिवशंकर थापा, केशव आचार्य, बालचन्द्र सुब्बा, कृष्ण बराल तथा शिवसताक्षी नपा वडा नं. ९ का वडाध्यक्ष डिल्लीलाल फेम्बू विशेष अतिथि रहेका थिए ।



प्राज्ञद्वय मुनराज शेर्मा र सुमित्रा वाङ्देल “चेली” ले कृतिको समालोचना प्रस्तुत गरेका थिए । उपन्यासमा समाजमा गहिरिँदै गएको लागूपदार्थ दुरुपयोग र त्यसले निम्त्याएको त्रासदीय अवस्थालाई मार्मिक ढंगमा चित्रण गरिएको उनीहरुले बताए । त्यस्तै उपन्यासमा अभिभावकको बेवास्ता, युवामा बढ्दो प्रलोभन, मित्रताको नाममा हुने गलत बाटोप्रतिको आकर्षण, प्रेम प्रस्ताव गर्न सक्ने आत्मविश्वास नहुनुजस्ता जीवन्त सामाजिक यथार्थलाई कथामा उतारेको बताइएको छ ।

कार्यक्रममा सतासी साप्ताहिक खबर पत्रिकाका सञ्चालक समिति अध्यक्ष योगेन लावतीले स्वागत मन्तव्य तथा नगर प्रमुख मेघाहाङ थोप्राले शुभकामना मन्तव्य राखेका थिए भने लेखिका रञ्जीला लिम्बूले उपन्यास लेखाइका क्रममा भोगेका भोगाइ तथा कृतिका सम्पादक सेलिङ केसीले कृतिको यो समाजमा आवश्यकताको बारेमा बोलेका थिए ।

उक्त कार्यक्रममा कवि-साहित्यकारहरू केशव आचार्य, कविता राई “गाउँले”, राजकुमार सुब्बा “अनिश्चित”, चन्द्र सम्वाहाम्फे, रूमानी कुलुङले कविता तथा गजल वाचन गरेका थिए ।

साहित्यकार, लेखकहरूको उल्लेखीय उपस्थिति रहेको कार्यक्रममा “किसान कवि” विराट किरातीको अध्यक्षता तथा कार्यक्रम सञ्चालन लीला अनमोलले गरेकी थिइन् । सो पुस्तक स्रष्टा पब्लिकेशनले बजारमा ल्याएको हो ।

# ग्यारेजमा आगलागी हुँदा १० लाखको क्षति

झापा(प्रस) । झापाको बिर्तामोड २ रामचोकस्थित एक ग्यारेजमा शुक्रवार राति आगलागी भएको छ । राति ११.१५ बजे रामचोकमा वडा नं १ बस्ने यदुनाथ मिश्रले संचालन गरेको ग्यारेजमा अचानक बिद्युत सर्ट भई आगलागी भएको हो । आगलागीबाट एकतले टिनको छानो, टिनको बेरा भएको ग्यारेज र



इन्जिन बनाउने ६ वटा मेसिन, बनाउन ल्याएको बिभिन्न सवारी साधनहरुको ६-७ वटा इन्जिन पूर्णरुपमा जलेर नष्ट भएको छ । साथै सोही ग्यारेजमा मर्मतको लागि ल्याएको मे १ क ६४४ नम्बरको टिपरको अगाडीको भागमा सामान्य क्षति पुगेको छ । आगलागीबाट करिव १० लाख बराबरको क्षति भएको अनुमान गरिएको छ। उक्त आगो बिर्तामोड र भद्रपुर नगरपालिकाको दुईवटा दमकल , इलाका प्रहरी कार्यालय बिर्तामोडको प्रहरी टोली र स्थानीयबासीको सहयोगमा राति १२ बजे पूर्णरुपमा नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

# रवि नख्खु कारागारमा स्थानान्तरण



झापा(प्रस) । सहकारी ठगी प्रकरणमा थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवम् पूर्वगृहमन्त्री रवि लामिछाने रुपन्देही कारागारबाट ललितपुरको नख्खु कारागारमा स्थानान्तरण भएका छन् ।

बुटवलस्थित सुप्रिम सहकारी ठगी प्रकरणमा संलग्नताको आरोपमा गत चैत २५ गतेदेखि पुर्पक्षका लागि रुपन्देही कारागारमा रहेका लामिछाने ब्लक नम्बर ४ मा थुनिएका थिए । कारागार सरुवाको माग गर्दै उनले दोस्रो पटक बुधबार नख्खु कारागार स्थानान्तरण गरिदिन निवेदन दिएका थिए ।

जेठ १४ गते रुपन्देही जिल्ला अदालतमा डिल्ली बजार कारागारमा स्थानान्तरणको माग गरेर निवेदन दिए पनि आफूलाई रुपन्देहीमै राखिएको भन्दै लामिछानेले गुनासो गरेका थिए । सोमबार राष्ट्रिय मानव अधिकार आयोगकी आयुक्त लिली थापासहितको टोलीले रुपन्देही कारागार निरीक्षण गर्दा पनि लामिछानेले अदालतको आदेश कार्यान्वयन नगरिएको भन्दै असन्तुष्टि जनाएका थिए ।

त्यो समयमा अदालतले समेत उनलाई स्थानान्तरणका लागि अनुमति दिएको थियो । कारागार व्यवस्थापन विभागका महानिर्देशक लीलाप्रसाद शर्माले पदभार सम्हालेकै दिन साउन २८ को पुरक (दोस्रो निवेदन) को आधारमा शुक्रबार रुपन्देहीबाट लामिछानेलाई नख्खु सार्ने निर्णय गरेका थिए । शनिबार रुपन्देही कारागारले आवश्यक प्रक्रिया पूरा गरेपछि प्लेनमार्फत काठमाडौं विमानस्थल हुँदै नख्खु पुर्‍याइएको हो ।

पुरक निवेदनमा लामिछानेल ` नख्खु कारागार रोजेको महानिर्देशक शर्माले जानकारी दिए । नख्खु कारागारमा ल्याएका लामिछानेलाई छुट्टै कोठामा राखिएको छ ।

# चट्याङले एक जनाको मृत्यु, ७ जना घाइते

झापा(प्रस) ।ओखलढुंगाको मोलुङ गाउँपालिका-४ माझखर्कमा शुक्रवार साँझ परेको चट्याङका कारण एक जनाको मृत्यु भएको छ भने ७ जना घाइते भएका छन्। साँझ ५:१० बजे पानीसँगै परेको चट् याङले लागेर घरमा बसिरहेको अबस्थामा ओखलढुङ्गा मोलुङ - ४ माझखर्क बस्ने ४० वर्षीय वीरबहादुर तामाङको घट्नास्थलमा नै मृत्यु भएको हो । चट्याङले लागेर अन्य ७ जना घाइते भएको प्रहरीले जनाएको छ । घाइते हुनेहरुमा ओखलढुंगा मोलुङ ४ माझखर्क बस्ने ३३ वर्षीय विषण तामाङ , ४२ वर्षीया डोल्मा तामाङ,२२ वर्षीया मुना तामाङ,२७ वर्षीय सुजन तामाङ , ३२ वर्षीय प्रेमबहादुर तामाङ , ५९ वर्षीया विष्णुकुमारी तामाङ र २२ वर्षीया सरिता तामाङ रहेका छन् । उनीहरुलाई उपचारका लागि वडा नं ४ को स्वास्थ्य चौकी लगिएको प्रहरीले जनाएको छ ।

# तेस्रो ताप्लेजुङ गोल्डकपको उपाधि सलहेसलाई



झापा(प्रस) । गत वर्षको बदला लिँदै सलहेस युवा क्लब सिरहाले तेस्रो ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । चर्चब्वाइज क्लब ललितपुरलाई २-० गोल अन्तरले पराजित गर्दै सलहेसले उपाधि जितेको हो । दोस्रो हाफको ७९ औं मिनेटमा सलहेसका सुनिल खड्काले गोल गर्दै खाता खोलेका थिए । सुनिलले डि बक्स बाहिरबाट प्रहार गरेर गोल गर्न सफल भएका हुन् । सलहेसको तर्फबाट ९० औं मिनेटमा युसुफ मल्लिकले दोस्रो गोल गर्दै आफ्नो टिमको जित सुनिश्चित गर्न सफल भए । उनले हेडमार्फत गोल गरेका हुन् । युसुफले प्रतियोगिताभरि पाँच गोल गरेका हुन् । खेलको ८१ औं मिनेटमा सलहेसका फागुराम थारू र चर्चब्वाइजका चन्दन दासले रेडकार्ड पाए र खेलबाट एकसाथ बाहिरिए । रेफ्री श्याम दनुवारले दुवैजनालाई रेडकार्ड दिएका थिए । दनुवारले फाइनलको दिन सातौ पहेँलो कार्ड देखाए ।

सलहेसले ७ लाख २ हजार ८२ रुपैयाँ प्राप्त गरेको छ । उपविजेता चर्चब्वाइजले ३ लाख ५० हजार २ सय ८२ रुपैयाँमा चित्त बुझाउनु पर्यो । उपाधि विजेता र उपविजेतालाई प्रतिनिधिसभाका सांसद एवं पूर्वमन्त्री योगेश भट्टराई र कोशी प्रदेशका उद्योग कृषि तथा सहकारीमन्त्री खगेनसिं हाङ्गामलगायतले ट्रफी तथा पुरस्कार वितरण गरे ।

खेलको सर्वोत्कृष्ट खेलाडी सलहेसका छिरिङ गुरुङ भए । उनले यमाहाको मोटरसाइकल पाए । वेष्ट गोलकिपर सलहेसकै रेम्वो चौधरी हुँदा वेष्ट डिफेन्डर आविष्कार खड्का बने । मिडफिल्डर युवराज ढकाल भए । वेष्ट फरवार्ड आकाश राई भए भने हाइस्कोरर पाँच गोलसहित सलहेसका युसुफ र वेष्ट कोच राजीवकुमार यादव भए । उदाउँदो खेलाडीको उपाधि भने आयोजक तेल्लोकबाट खेलेका सुहाङ लिम्बू भए । उनी तेल्लोकका गोलकिपर हुन् ।

# पूर्वाञ्चल विश्वविद्यालयमा यसै वर्षदेखि एमबिबिएस पढाइ हुने



झापा(प्रस)। मोरङको सुन्दरहरैँचा गोठगाउँस्थित पूर्वाञ्चल विश्वविद्यालयमा यसै वर्षदेखि एमबिबिएस पढाइ सुरु हुने भएको छ । मेडिकल कलेज सञ्चालन हुने भएपछि स्थानीय खुसी भएका छन् । खासगरी कलेज सञ्चालन भएपछि व्यापार व्यवसायको नयाँ सम्भावना खुल्छन् भनेर विश्वविद्यालयवरिपरिका सर्वसाधारण खुसी भएका हुन् । विश्वविद्यालयले दुई वर्षदेखि पूर्णकालीन स्वास्थ्य सेवा सञ्चालन गर्दै आएको छ ।

पूर्वाञ्चल विश्वविद्यालयका चिकित्साशास्त्र सङ्कायका डिन शैलेशमणि पोखेलले ५० वटा कोटामध्ये ७५ प्रतिशत पूर्ण सरकारी छात्रवृत्तिमा अध्यापन गराइने जानकारी दिए । सरकारले नै कोटाको ७५ प्रतिशत छात्रवृत्तिका लागि स्रोत सुनिश्चित गरेको छ । बाँकी २५ प्रतिशत विद्यार्थीले पैसा तिरेर पढ्ने छन् । विश्वविद्यालयले चिकित्साशास्त्र अन्तर्गत एमबिबिएस पढाउन सम्पूर्ण पूर्वाधार तयार गरिसकेको छ । विश्वविद्यालयले आफ्नै स्रोतले आन्तरिक व्यवस्थापन गरिरहेको डिन पोखेलले बताए । उनका अनुसार हाल विश्वविद्यालयमा चिकित्साशास्त्र अन्तर्गत फार्मेसी, पब्लिक हेल्थ मास्टर्स र बिएस, बिएन, बिपिएच, बी फार्मेसी र बिएमएलटी अध्ययन भइरहेको छ ।

विश्वविद्यालयले शिक्षण अस्पताल सञ्चालनको प्रमुख पूर्वाधार मानिने तीन सय शय्याको अस्पताल सुरु गरिसकेको छ । विद्यार्थीले दुई वर्ष नियमित अध्ययन गरेपछि तेस्रो वर्षदेखि विश्वविद्यालयको आफ्नै शिक्षण अस्पतालमा प्रयोगात्मक अध्ययन गर्नुपर्ने व्यवस्था रहेको छ ।

# सुकेटारमा तीन सातादेखि उडान अवरुद्ध



झापा(प्रस) । ताप्लेजुङको सुकेटार विमानस्थलमा तीन साता बढी समयदेखि उडान अवरुद्ध बनेको छ । प्रतिकुल मौसमका कारण नेपाल वायु सेवा निगमको उडान अवरुद्ध बनेको हो ।

ताप्लेजुङस्थित नेपाल वायु सेवा निगमका स्टेसन इन्चार्ज नारायणकुमार कार्कीका अनुसार गत साउन ५ गतेदेखि सुकेटारमा उडान अवरुद्ध भएको हो । प्रतिकूल मौसम अर्थात निरन्तरको झरी बादलका कारण प्रत्येक साताको सोमबार र शुक्रबार हुँदै आएको उडान अवरुद्ध भएको स्टेसन इन्चार्ज कार्कीले जानकारी दिए। नेपाल वायु सेवा निगमको ट्विनअटर जहाजले काठमाडौँ-ताप्लेजुङ-काठमाडौँ उडान भर्ने गरेको छ । अहिले मौसम प्रतिकुल भएपछि सातामा दुई दिन हुने उडान पनि मौसमका कारण अवरुद्ध हुँदै आएको निगमको स्टेसन कार्यालयले जनाएको छ । अब सुकेटारमा उडान नियमित हुनका लागि मौसममा सुधार आउनुपर्ने निगमले जनाएको छ ।

यता नियमित उडान नहुँदा काठमाडौँदेखि ताप्लेजुङ भित्रने तथा ताप्लेजुङदेखि काठमाडौँ जाने यात्रुले सेवा लिनबाट बञ्चित हुनुपरेको छ । सुकेटारमा उडान नियमित नभएपछि जरुर यात्रा गर्नुपर्ने यात्रुले झापाको भद्रपुर र मोरङको विराटनगर पुग्नुपर्ने अवस्था रहेको छ । उडान सञ्चालन भएमा यात्रा गर्नेगरी जिल्लाका यात्रु भने निरन्तर सम्पर्कमा रहने गरेका निगमको स्टेसन कार्यालयले जनाएको छ ।

# साउदी अरबमा नेपाली श्रमिकको वैधानिकीकरण सुरु

झापा(प्रस) । सरकारले श्रम स्वीकृति नलिई साउदी अरबमा कार्यरत नेपाली श्रमिकलाई वैधानिकीकरण गर्ने कार्य सुरु गरेको छ । साउदी अरबस्थित नेपाली दूतावास रियादले आठ वर्षदेखि रियादमा कार्यरत अजय दङ्गालको बायोमेट्रिक लिई श्रम वैधानिकीकरणलाई औपचारिकता दिएको हो । उक्त कार्यक्रमलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले श्रम स्वीकृतिको अभावमा वैदेशिक रोजगारमा रहेका श्रमिक आफ्नो मुलुक फर्किन नसक्ने अवस्थाको सिर्जना हुनु मानवीय नाताले समेत उपयुक्त नभएकाले वैधानिकीकरण अभियान सुरु गर्नु परेको जानकारी दिए । साउदी अरबसँग द्विपक्षीय श्रम समझदारीपत्रमा हस्ताक्षर हुने जानकारी दिँदै उनले अबको सेवा प्रविधिमा आधारित रहने उल्लेख गरे । मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले व्यक्तिगत, कानुनी वा जानकारीको अभाव जस्ता विविध कारणले श्रम स्वीकृतिको अभावमा राज्यबाट प्रदान हुने सेवाबाट कुनै पनि नेपाली वञ्चित भएकाले दूतावासबाटै श्रम वैधानिकीकरण कार्य आवश्यक रहेको औँल्याए ।

साउदी अरबका लागि नेपालका राजदूत डा. नरेश विक्रम ढकालले साउदी अरबका रोजगारदाताबाट वैध भएर नेपाल सरकारबाट कागजी रूपमा अवैध मानिएकालाई शुक्रवारबाट वैध हुन बाटो खुलेको जानकारी दिए ।

साउदी अरबमा साढे तीन लाख श्रमिक कार्यरत रहेकोमा कागजातविहीनको संख्या १० देखि १५ हजारको हाराहारीमा रहेको अनुमान दूतावासको छ ।


डेंगी रोगबाट आफू बचौं अरुलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेंगी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान सुरु गरेको हुँदा सबै जना अनिवार्य सहभागी बनौं ।

डेंगी के हो ?

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने, बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने, शरीरमा बिबिरा आउने, रिंगटा लाग्ने, वाकवाकी, वान्ता हुने, कडासँग पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

डेंगीबाट बच्न के गर्न सकिन्छ ?

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पुरा बाहुला भएको पुरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विभिन्न जलाउने वस्तु : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरुमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खाल्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राख्ने प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरुद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि

बिर्तामोड नगरपालिका

झापा, कोशी प्रदेश

# प्रतिदिन अभिव्यक्ति

## स्वर्गमा विचरण गर्नु



• गणेश ओली


आफ्नाले पनि नदिएको मायाँ अरुले दिन सक्छन्
मेरा पिताले नगरेको गाली अरुले गर्दारछन्
आमाको काख अतृप्त छ मायाँ नपुग्ला यहाँ
पत्नी, प्रियशी मायाँ दिन्छन् फेरि मायाँ मिल्छ त्यहाँ

मायाँ जानेछ तेस्रो पुस्ता काममा कति आउँला
मायाँ मायाँ पो भन्दै मान्छे परमधाम जाउँला,
काम लाग्ने छ अन्तिममा ईशप्रेम तिमीलाई
यश, ऐश्वर्य हाम्रो सबै छाडि जान्छौं अरुलाई

न्याय गर्दैन इश्वरले उसमा विवेक छैन
नत्र छानेर किन लिन्छ मूल्य सकिएकै छैन
हिमाल जस्तै अग्लिएको त्यो मानिसलाई पनि
पाताल किन पुर्याइन्छ केही नजान्ने झैं बनी

मृत्युमा कोही खुसी हुन्छन् कोही विस्मात गर्दछन्
अजात शत्रु कोही हुन्न कालैका मुख पर्दछन्
त्यसको पर्वाह नलिजाऊ प्रिय बैकुण्ठमा बस्नु
शान्ति लिएर सँधैभरी स्वर्गमा विचरण गर्नु ।

## मेरो प्रतिवाद



• सीमा ढुङ्गाना

आँशू बिक्रीमा छ, किन्नुहुन्छ ?
सस्तो छ, केवल बिक्नु जो छ
भावनाको बजारमा रातारात चम्कन्छु
आँशूकै मसीले महाकाव्य लेख्छु
सस्तो छ, केवल बिक्नु जो छ
विचार खोज्दैनन्, विवेक रोज्दैनन्
कला होइन क्लिक चलेको छ हतारमा
यो बजारमा, ट्रेन्ड चलेको छ हावामा


लेखिरहन्छु आँशूको सस्तो मसीले
भावनाको महँगो मर्म, छेपारे रङमा
गुरू कुटिन्छन्, गायक कुटिन्छन्
डाक्टर कुटिन्छन्
पाठशालामा पार्टीको खुकुरी
चोक चौराहामा गालीको मेला
कानून अन्धो छ सत्य देख्दैन

नैतिकता बेचेर चुट्किलाहरू
सिनेमाहरू, कलाहरू
श्रम गर्छन्, शरम छोपेर
बौद्धिकता चूपचाप नजरअन्दाज भएको छ
सिर्जनामा सलही लागेको छ
नष्ट गर्दै छ अध्यात्म

माटो हार्छ यहाँ
जब मूल्य उठ्दैन खेतमा
तर बजार चिच्याउँछ —
आयातित मालको कमाल विज्ञापन
भोकको कृत्रिम भाषण छाँटेर
मदिराको मातमा
लाजको राजनीति गर्छ
आफ्नै झोलामा
जनताको लाज खसाल्छ

सपना देख्नु अपराध
साँचो बोल्नु विद्रोह
सजाय इमानको निम्ति
र पुरस्कार कपटलाई
तर म अझै लेखिरहेछु
सस्तो मसी, महँगो घाउ
किनभने यो कविता मात्र होइन—
मेरो प्रतिवाद हो

## यु डिजर्भ बेटर!



• रोसन निरौला

नेपाल यातायातको पुछारको सिट भाग्यले जुर्नु बाहेक अधिकांश हिँडाइको अंश उभिएरै हुने गर्थ्यो। साँझ परेको बेला त आफ्नो कोठा पुगुन्जेलसम्म एउटा युद्ध जितेर जीवनको चक्रव्यूहमा होमिनु पर्थ्यो। नेपाल यातायात कथाहरूको संग्रहसँगको यात्रा झैँ लाग्ने गर्थ्यो।

काठमाडौँ बसाइका क्रममा गन्तव्यको सारथि मात्रै लाग्ने नेपाल यातायातमा, एक दिनको यात्रा भिन्न हुन गयो। साँझको समय, भीडमभीड गाडीको भित्र एक जना स्त्रीले पहिलो पटक मेरो ध्यान खिचिन्। कुनै कलेजको युनिफर्ममा आइडी कार्डसहित कपाल खुला छाडेर, मास्क लगाई ब्यागलाई अगाडिबाट भिरेर उभिरहेकी थिइन्।

जति गाडी अगाडि बढ्दै जान्थ्यो, त्यति नै चढ्ने मानिसको हुल ढोकामा चढ्न तँछाडमछाड गरिरहेका देखिन्थे। पछिल्लो सिटतिर बसिरहेको मेरा आँखाले ती स्त्रीलाई नजर लगाउन मरिमेटिरहेको थियो।

मान्छेको भीडमा गाडी सहचालकले पछाडि सर्नु भनिरहेको सुनिन्थ्यो। पछाडि सर्ने क्रममा मेरा शनि ग्रह पनि सायद कोल्टे फेरैकै बेला हुनुपर्छ, ती स्त्री म बसेकै सिटको साइडमा उभिन पुगिन्। आइडी कार्ड मेरा आँखाले देखेपछि एट-के रिजोलुसनमा रेटिनाले कैद गर्‍यो। कैद गरी नसक्दै आइडी कार्डलाई सर्टको गोजी तिर हाल्न पुगिन्, सायद म घोरिएर हेरेकाले असहज महसुस गरेको हुनुपर्छ।

केही अघि गएपछि गाडी रोकियो, ट्राफिक जाम फेरि। विदेशी पाहुनाको सवारी अरे। सहचालकले कसैसँग कुरा गर्दै थियो। बाटो त पाहुनाको सवारीले रोकिँदा उनको सवारीले मेरो चेतना रोकिनु आश्चर्यजनक थिएन। म भित्रको दया पनि उनको अघि रोकिन सकेन। उनका लागि सिट छाडेँ, कालान्तरमा जो जीवनको एक अंश पनि उसका लागि छाड्दै थियो। ऊ सिटमा बसेपछि म उभिएँ। थ्याङ्क युलाई इट्स फाइनले प्रतिउत्तर दिएँ, मन फुर्किएको कम्ता होइन।

'कति साह्रो हो यो जाम नि,' यसै फुत्कियो।

'त्यही त, इरिटेटिङ हुने,' उसले जवाफ फर्काउँदा म सर्लक्कै भए।

त्यही मौकामा कहाँसम्म जानुहुने तपाईं भनी सोधिछाडेँ।

'तीनकुने' उसको जवाफले चारकुने यो मनलाई गन्तव्य नै पुगेजस्तो भयो। सायद सिट छाडेको सहानुभूतिका रूपमा उत्तर आएको हुनुपर्छ। जे कारण होस्, मसँग बोल्नु नै मेरा लागि थियो।
जाम बिस्तारै खुल्दै जाँदा गाडी अगाडि बढ्यो जुन मेरा लागि थिएन। नभन्दै तीनकुने आइपुग्यो र ऊ बिस्तारै ओर्लिन अगाडि बढी, मेरो बेचैनी बढ्दै गयो। भीड गाडीबाट ओर्लिंदै गरेको छेलिन पुग्यो। गाडी बिस्तारै अगाडि बढ्यो, मन अमिलो हुँदै कोठासम्म पुगेँ।

कोठा पुग्नासाथ फेसबुक खोलेँ र उनको आइडीमा देखिएको नामलाई सर्च बारमा राखेर उनको प्रोफाइल खोज्दै गएँ। झिनो आशा थियो भेटिन्छ कि भन्ने। लाग्यो यो एकछिनको भ्रम हो। त्यस्तो कति जनासँग हुन्छ, त्यो पनि गाडीमा भेटेको। तर मनले फेरि भन्यो- त्यस्तो भए आजसम्म कति केटी देखियो, कोहीसँग नभएको अनुभव उनैसँग किन हुनु?

आफैले आफैलाई रिट हाल्दै आफै फैसला गर्दै गर्दा एउटा प्रोफाइल उनको अनुहारसँग मिल्दोजुल्दो देखेपछि, कहीँ नभएको खुसी बोकेर रिक्वेस्ट पठाऊँ कि जस्तै भयो। फेरि सम्झेँ, मेसेज गर्छु जे पर्छ पर्छ। रिप्लाई गरे भइहाल्यो नगरे अब केही छिनको भ्रम थियो भन्नेमा विश्वस्त हुने आधार पनि थियो।

आस भने झिनो, अति झिनो। मेसेज गरेको घण्टौँ हुँदा पनि रिप्लाई नआएपछि यस्ता केटी कति भेटिन्छन् म किन जोसिएको होला भन्दै आफैलाई सान्त्वना दिँदै सुतेँ। भोलिपल्ट 'हुज दिस्,' भन्ने रिप्लाई आएको देखेँ। मर्ने बेला हरियो काँक्रो। लाचार हुँदै फेहरिस्त लेखेँ। आश्चर्य मान्दै रिप्लाई गर्दै गई। सायद मैले प्रेमको सपना र भविष्यको जहाजलाई टेक अफ गरेको विन्दु यही नै थियो।

औँलो पाउँदा डुँडुलो निल्दै जाँदा गफको समय र गफको गहिराइ बढ्दै गयो। मैले नेपाल यातायातमा प्रेमलाई गन्तव्य बनाएर चढेको त्यसै दिन रहेछ सायद। दिन, महिना हुँदै जाँदा ऊ आदत बन्दै गई। बिस्तारै भेटघाट पनि हुन थाल्यो। प्रेम चियापत्तिको रङ जस्तै गाढा हुँदै गयो। अन्ततः हामीले प्रेम स्विकार्‍यौँ। एकअर्कालाई स्विकार्‍यौँ।

वर्ष दिन बित्यो, अर्को वर्ष पनि बित्यो। प्रेममा देख्नुपर्ने न्यूनतम सपना हामीले पनि देख्यौँ। प्रेममा एक जोडीले निभाउनु पर्ने आधारभूत रीत हामीले पनि निभायौँ। हामीले राजधानीका एक जोडीले पुग्नुपर्ने हरेक ठाउँमा पुगेकै थियौँ भन्दा अत्युक्ति नहोला।

तीन वर्ष हुनै लाग्दा एक दिन विचित्रको दिन हुन गयो। एक्कासि ऊसँग कुनै माध्यममा सम्पर्क भएन। फेसबुक, इन्स्टा, ह्वाट्सएप जतै पनि अनएभाइलेबल। अचम्मित भएँ म, ह्याक पो भएको हो कि भन्ने लाग्यो। उसका अरू साथी कोहीसँग म परिचित थिइनँ।

आज, भोलि भन्दै गर्दा सम्पर्क नभएको हप्तौँ दिन बित्यो। उसको नम्बर कुनै पनि नम्बरबाट सम्पर्क भइरहेको थिएन। जिउँदै जलिरहेको थिएँ म। महिना दिन बित्यो। सम्पर्क छैन, मान्छे छैन। केही आधार छैन उसको खबर सोध्ने।

मेरो पीडा देखेर समय रोकिँदैन। मेरो दुखाइ, मेरो रोदन, मेरो आर्तनाद देखेर मलाई समयले सहानुभूति राख्दैन। कसरी कोही एक्कासि यसो गर्न सक्छ? केही बाध्यता पो पर्‍यो कि? ऊ त्यसो गर्ने मान्छे हुँदै होइन! मनमा अनेकन् कुराले सताइरहेका थिए।

भोगाइ जीवनको यथार्थ हो। मसँग भोग्नु र सहनुभन्दा विकल्प थिएन। म स्वभावतः अन्तर्मुखी, मैले मेरो सम्बन्ध बारे कसैलाई पनि भनेको थिइनँ। एक महिना गर्दागर्दै छ महिना वर्ष दिन पनि बित्यो। म मानसिक रूपमै प्रताडित अवस्थामा थिएँ। बिना मनमुटाव, बिना खबर वर्षौँ कोही कसरी हराउन सक्छ?

अंकगणित जानी नजानी पढियो, केही हदसम्म बुझियो पनि। एक अक्षरको मलाई दुई अक्षरको प्रेमले तीन अक्षरको जीवनमा चार अक्षरको परिक्रमा यो हदसम्म गराउँछ भन्ने भान भएन! अनि प्रेम गरिसकेपछि कुनै हद नै बाँकी नरहने बेहद महत्त्वपूर्ण ज्ञान बारे अज्ञान हुन पुगियो। बुझेर बुझी नसकिने, जानेर जानिन सकिने ब्रह्माण्ड मात्र हैन, प्रेम पनि रहेछ। त्यसैले पनि प्रेम गरेको मानिस ब्रह्माण्ड झैँ लाग्छ, संसार नै लाग्छ।

मस्तिष्क अघि मनलाई डोहोर्‍याएर गन्तव्य हिँड्न गाह्रो हुँदो रहिछ। कर्मको शिरमा भाग्यले आशीर्वाद नदिँदासम्म ढुङ्गो भगवान् बन्न सक्दैन। संसारको आठौँ आश्चर्य प्रेम हो, आठौँ महासार प्रेम हो र पृथ्वी बाहेक कहीँ कतै जीवन छ भने त्यो पनि प्रेम नै हो।

मैले मेरो जीवनमा प्रेमको दर्शन गर्न जीवनका दर्शनलाई धूलो बनाई संसारका अघि प्रदर्शन गर्न पुगेँ। बहादुरी इतिहास लेख्नेको हातमा भर पर्ने कुरो हो तर म मेरो ऐतिहासिक प्रेम लेख्न कायर हुँदै छु। अहङ्कारको तीर बोकेर जुन दिन मानिस जीवनको युद्धमा निस्किन्छ, कोही न कोही त्यसको सिकार हुनै पर्छ, जसरी हिजो म भएँ र हुनेहरू आजका दिनमा भई पनि रहेका छन्।

मैले बुझ्नु पर्ने थियो, प्रेम सबैका लागि हुँदै होइन। प्रेम आवश्यक छ तर त्यसो भन्दैमा सबैले गर्ने पर्छ, सबैका लागि हुन्छ नै भन्ने हुँदैन भन्ने कुरा मैले ख्याल गर्नुपर्थ्यो। आकाश सबैका साझा हो तर जमिन सबैको साझा हुँदैन।

मसँग के थियो र उसले प्रेम गर्न थाली, त्यो म जान्दिनँ। मलाई यो पनि थाह छैन कि प्रेम एकै पटक मात्र हुन्छ कि बारम्बार पनि हुन सक्छ। मलाई यत्ति थाह छ कि मसँग उसले गरेको प्रेम नै थियो। प्रमाण दिन सक्दिनँ म। हुन त प्राण नै दिएको मानिसलाई अरू प्रमाण के आवश्यक होला र!

खै गणित कहाँ मिलेन! दुई जना एक बन्न हिँडेका हामी शून्यतामा टुङ्गिन पुग्यौँ। प्रेमको पाठ सिकाउने मानिसले जिन्दगीको पाठ पढाएर जाँदै थियो।

वर्ष दिन बितेको केही दिनपछि, अनायासै फेसबुकमा एक अपरिचित आइडीबाट एक लामो फेहरिस्त आयो।

समय सबैका लागि समान हुँदैन। गुजारा गर्ने मानिसका लागि समयको अनुभव र यात्रामा निस्किएको मानिसका लागि अनुभव समान हुँदैन। एक वर्ष मेरा लागि कैयौँ वर्षहरू थिए। निकै लामो एउटा मेसेज थियो।


उसको विवाह भएर पनि डिभोर्सको प्रक्रिया अगाडि बढिसकेको कुरा लेखिएको थियो। आफू क्यानडामा रहेको र मेरो लोयल्टीका लागि लेखौँ लागेर लेखेको उसको मेसेजमा थियो। मेरा तारिफका लामै शब्दहरू थिए बिच-बिचमा।

अन्तिम एक लाइनमा थियो- 'यु डिजर्भ बेटर!'

निःशब्द भएर शब्दहरू हेर्दै गएँ। शब्दहरू जलिसकेको लासबाट निस्किएको धुवा हुन्, के मतलब जब अस्तित्वको सास नै नरहेपछि शब्दले?

के लेख्नु र जसका लागि अक्षरहरू पर्याप्त हुन्थेनन्। मेरा लागि त ऊ अंश थिई जीवनमा, जसको जीवनमा म अंक मात्र थिएँ।

## निजामतीसँग बिक्री भएको मेरो माया !



• धनेन्द्र अधिकारी

जब म १७/१८ वर्षको एक लक्का जवान ठिटो थिएँ, उच्च शिक्षा अध्ययनको लागि विश्वविद्यालयमा भर्ना भएँ।

बिहान क्याम्पसमा अध्ययन र दिनभरी निजी स्कुलमा अध्यापन गराउँदैमा दिनचर्या चलेको थियो।

क्याम्पसमा अध्ययन गर्दै जाँदा उनीसँग माया बसेको पत्तै भएन।

पछिल्ला दिनहरूमा म क्याम्पसमा अध्ययनभन्दा पनि उनलाई हेर्न जान्थेँ। उनलाई क्याम्पसमा एकछिन पनि नदेख्दा र साँझ फोनमा घन्टौंसम्म नबोल्दा केके छुटे जस्तो लाग्थ्यो। उनले पनि धेरै माया गरेको आभास दिलाउँथिन्। साँझ घन्टौंसम्म कुरा मारेर रात कटाउँथ्यौं।

नाइल नदीभन्दा लामा सपना बुनेर सगरमाथाभन्दा विशाल, सुपरियर भेनेकाभा भन्दा स्वच्छ माया गर्न पुगेछु। तर वर्मुण्डा त्रिकोण जस्तो उनलाई मैले बुझ्न सकिनँ र मेरो जिन्दगीका सपनाहरूलाई अफ्रिका महादेशको जस्तो भविष्य, मरूभूमि जस्तो उजाडिलो बनाई सपनाका महलहरूमा आगो सल्काएर आफू निजामती कर्मचारीसँग विवाह गरेर मलाई भुइँ मान्छेको संज्ञा दिँदै गइन्।

भनिन्छ नि कसैलाई पनि हदभन्दा बढी माया नगर्नु भनेझैं मेरो माया लोक सेवा अर्थात् निजामतीसँग बिक्री भयो। मेरा सपनाहरू केही हदसम्म अरूण ग्रह जस्तै बने। मनमा बेचैनी र छट्पटहाटको सीमा रहेन र जिन्दगी जीवन र मृत्युको दोसाधमा पर्‍यो। भोक, निन्द्रा, प्यास सबै एकाएक हराम भए आफ्नै मन वर्मुण्डा त्रिकोण जस्तो भयो। मनमनै सोचेँ- मेरो प्रेमको तगारो के हो? उत्तर फ्याट्टै आइहाल्यो- गरिबी र बेरोजगारी।

सायद म सरकारी जागिरे भएको भए अथवा सम्भ्रान्त परिवारको भए मेरो प्रेम फुल्थ्यो, फक्रनथ्यो र फल लाग्थ्यो होला। यी दुई कुराको अभावमा मेरा हजारौं सपना बोकेको मायापिरती सिसा फुटेझैं एकाएक चकनाचुर भइ फुटेर मेरा जिन्दगीका सबै हाँसो, खुसी लुटेर गयो।

एकदिन म कुर्सीमा पुरूषोत्तम बजगाईद्वारा लिखित पुस्तक नीलो प्रेम हातमा लिई उनका यादहरू भुलाउने कोसिस गर्दै थिएँ। यतिकैमा उनको यादमा झन् डुबेछु। आँखा धर्मराए। बिस्तारै वरपरको वातावरण अन्धकारमय भयो र म अचानक बेहोस हुन पुगेछु। संयोगबस त्यही समयमा साथी मलाई भेट्न आएको रहेछ। उसले हतार हतारमा हस्पिटल पुर्‍याएछ।

केही समयको उपचारपश्चात् मेरो होस खुल्यो, जसबेला म हस्पिटलको बेडमा भएको मलाई स्वयम् भान भयो। अनि मलाई यहाँ किन ल्याएको भनेर साथीलाई सोधेँ। साथीले सबै कुरा बतायो। अझै पनि उनको याद मनमा झल्झल्ती आइरहेको थियो। केहीबेरपछि औषधिका पोका र डाक्टरको परामर्शपश्चात् हस्पिटलबाट फर्कियौं। त्यसदिन साथी मसँगै बस्यो। मलाई एक्लै छोड्न मानेन। साथीले भन्यो- आज रक्सी खानुपर्छ अनि फ्रेस हुन्छस्। मैले पनि इन्कार कसरी गर्नू! उनको याद कम गर्नलाई पनि पहिलो पटक रक्सी पिएँ। रक्सीको मातमा सबै कुरा साथीलाई पोखेछु। साथीले सान्त्वना दिँदै अबको यात्रा लोक सेवा तयारी गर्नुपर्छ र जसरी पनि निजामती जागिर खानुपर्छ भनेर सम्झाउँदै थियो कतिखेर सुतिएछ पत्तै भएन।

भोलिपल्ट बिहान दुई जना नै अवेरसम्म सुतेछौं। उठ्दाखेरी घडीले ९:०० बजाइसकेको रहेछ। हतार हतारमा १०:०० बजे पढाउन स्कुल गएँ। मेरो मलिन अनुहार देखेर विद्यार्थीहरू 'सर किन आजभोलि निराश देखिनुहुन्छ? भनेर सोधे।

मैले कामको अलि चाप छ त्यसैले होला भनेर टारिदिए। सधैं हँसिलो मुहारमा विद्यालय उपस्थित हुने म आजभोलि मलिन मुहारमा उपस्थित हुँदा थाहा पनि कसरी नपाउन सर पीडामा भएको र सरको मनमा बेचैनी बढेको।

रूखका नयाँ पल्लवी पलाएझैं मेरा पनि सपनाका पल्लवीहरू पलाउन सुरू गरे र जिन्दगीले नयाँ मोड लियो। लोक सेवा पढ्ने निधो गरेँ। त्यही दिन साँझबाट जिके पढ्न सुरू गरेँ।

किताबको पानैपिच्छे उनको तस्बिर मात्र देख्छु। किताबमा लेखेका हरेक अक्षरहरूलाई उनले गरेको म्यासेज जस्तो लाग्थ्यो। जिके याद पनि कसरी होस् जब म पढ्न बस्छु उनी किताबमा जिके बनेर आइदिन्छिन्। हाँसो थोरै भयो, रूवाइ धेरै भयो तर आशा कहिल्यै मरेन।

मेरा जीवनका सबै समय लोक सेवालाई दिने निधो गरेँसँगै निजी स्कुल अध्यापनबाट पनि राजीनामा गरेँ।

मैले उनको स्थानमा लोक सेवालाई अंगालेँ। साथीहरू घुम्न जान्थेँ, म पुस्तकालय जान्थेँ, उनीहरू प्रेमको गीत गुनगुनाउँथे म जिके, संविधान, ऐन नियमावलीको गीत गुन्गुनाउँथें। साथीहरू बजारमा आएका नयाँनयाँ फेसनका कपडा लगाउँथें म फाटेको कपडालाई दश ठाउँमा आफै सिलाएर सेतो सट र नीलो

# विश्वकै दुर्लभ 'हिमालयन वुड आउल' चरा इलाममा भेटियो

झापा(प्रस) । इलामको माईजोगमाई गाउँपालिकाको थुम्केरानी क्षेत्रमा विश्वकै दुर्लभ मानिएको 'हिमालयन वुड आउल' नामको चराको जोडी भेटिएको छ ।
अगस्ट ४ देखि सुरु भएको ध्वासे चितुवा दिवको अवसरमा एक साता लामो बर्खाका चरा अवलोकन गर्ने क्रममा झापाका वाइल्ड लाइफ फोटोग्रफर देवेन खरेल र कोशी बर्ड सोसाइटीका पूर्व अध्यक्ष अनिश तिम्सिनाले थुम्केरानी क्षेत्रमा विश्वकै दुर्लभ मानिएको 'हिमालयन वुड आउल' नामको चराको जोडी क्यामेरामा कैद गरेका हुन् ।
उल्लु परिवारभित्रको वैज्ञानिक नाम 'हिमालयन वुड आउल' भएको चराको जोडी खोज अवलोकनका क्रममा फेला पार्न सफ भएको वाइल्ड लाइफ फोटोग्राफर खरेलले जानकारी दिए ।
भारत, पाकिस्तानको पश्चिमी हिलाम हुँदै नेपाल, भुटान र पूर्वी तिब्बत, उत्तरपूर्वी म्यान्मार, चिन, कोरिया र ताइवानका केहि भागमा उक्त चरा पाइने गरिएको फोटोग्राफर खरेलले जानकारी दिए । नेपालमा उक्त चरा दुर्लभ रूपमा मात्र देखिने गरिएको छ । नेपालको मध्यदेखि उच्च पहाडी वन क्षेत्रमा स्थाई रूपमा उक्त चरा



पाइने गरिन्छ ।
उक्त चरा लगभग एक हजार मिटरदेखि तीन हजार छ सय मिटरको उचाइमा सल्ला, लोठ सल्ला र गुराँसको वनमा पाइने गरिएको चराको खोजकर्ताले दिएको जानकारीमा उल्लेख छ ।
यस पटक थुम्केरानी क्षेत्रको दुई हजार तीन सय ५० मिटरको उचाइमा उक्त चरा पाइने अभिलेख राख्न सफल भएको कोशी बर्ड सोसाइटीका पूर्व अध्यक्ष तिम्सिनाले जानकारी दिए ।

कानको झुप्पा नदेखिने, गोलो टाउको भएको, खैरो र सेतो छरिएको अनुहार, खैरो शरीर, सेतो पेटमा पातलो खैरो धर्सा र पखेटामा बार उक्त चराको शरीर रहेको हुन्छ । बाहिरी रूपमा मलाहा हुचिल जस्तो टाउकोको रूप देखिए पनि रङ र आवाजमा फरक हुन्छ ।

गहिरो दुई नोटको हू-हू शैलीको स्वर जोडीले एक आपसमा उत्तर दिने प्रकारले निकाल्ने गरेको पाइन्छ । उक्त चरा साँझ र राति सक्रिय रहने गरेको र यी चराले मुसा, भ्यागुता, साना चरा, रातका पुतली र ठुला कीरा आहार गर्ने गरेको फोटोग्राफर खरेलले जानकारी दिए ।

उक्त चराले हिउँदको अन्त्यदेखि वसन्त ऋतुसम्म प्रजनन गर्ने गरेको पाइन्छ । रुखका खोच वा ढुङ्गाको पाटमा अण्डा पारी बच्चा कोरल्ने गर्दछ । विश्वव्यापी रूपमा उक्त चरा स्वस्थ वनमा आश्रित रहेकाले वन विनासलगायतका कारण बासस्थान टुक्रिँदै जाँदा विश्वमै दुर्लभ बन्दै गएको पाइन्छ ।

# अपार्टमेन्ट बनाउन र कित्ताकाट गरी बिक्री गर्न नपाइने

झापा(प्रस) । भूमिसम्बन्धी केहि नेपाल ऐन संशोधन विधेयकको परिमार्जित प्रतिवेदनको मस्यौदा तयार पारिएको छ । पहिलो मस्यौदामा सांसदहरूले विरोध जनाएपछि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले परिमार्जन गरेर अर्को मस्यौदा तयार गरेको हो ।
उक्त मस्यौदामा घरजग्गा कारोबारमा कडाइदेखि अव्यवस्थित बसोबास गर्दै आएका नागरिकका समस्या समाधान गर्ने महत्त्वपूर्ण प्रस्ताव अघि सारेको छ ।
प्रस्तावित मस्यौदामा भूमिहीन दलित र सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने प्रक्रियालाई थप व्यवस्थित बनाउने, हदबन्दीभन्दा बढी जग्गा राख्ने उद्योग तथा कम्पनीहरूका लागि पनि स्पष्ट मापदण्ड तोक्ने र सार्वजनिक जग्गाको परिभाषा फराकिलो बनाउने लक्ष्य रहेको छ ।
कुनै सार्वजनिक संस्था, उद्योग, कम्पनी, प्रतिष्ठान, शैक्षिक संस्था वा सङ्घ संस्थाले आयोजना वा परियोजना सञ्चालनका लागि सम्बन्धित निकायबाट प्रचलित कानुन बमोजिम अनुमति प्राप्त गर्दा जग्गा उपयोग सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) र वातावरणीय अध्ययन प्रतिवेदन पेस गर्नुपर्ने भए हदबन्दीभन्दा बढी जग्गा राख्न स्वीकृति माग गर्दा त्यस्तो जग्गा उपयोग सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) र सम्बन्धित निकायबाट स्वीकृत भएको वातावरणीय अध्ययन प्रतिवेदनको




प्रमाणित प्रतिलिपि समेत पेस गर्नु पर्ने उल्लेख छ ।

व्यवसाय गर्न अनुमति लिएको कम्पनीले स्थानीय भूउपयोग परिषद्बाट भूउपयोग क्षेत्र वर्गीकरण हुँदा आवासीय वा व्यावसायिक क्षेत्रमा वर्गीकरण भएको नेपाल सरकारको सूचित आदेशद्वारा तोकिदिएको हदसम्मको जग्गा घडेरी विकास वा त्यस्तो घडेरीमा घर वा आवास इकाई (अपार्टमेन्ट) निर्माण नगरी ससीम वा कित्ताकाट गरी बिक्री गर्न पाइने छैन।

विधेयकको मस्यौदामा भनिएको छ, 'स्थापनाको उद्देश्य विपरीत हुने गरी उपयोग गर्न वा बाँझो राख्न वा उद्देश्य परिवर्तन गरी घर जग्गा व्यवसाय गर्ने कम्पनीमा रूपान्तरण गरी त्यस्तो जग्गाको विकास गरी घडेरी वा अपार्टमेन्ट निर्माण गरी बिक्री गर्न पाइने छैन ।'

तर स्थानीय भू-उपयोग परिषदद्वारा भूउपयोग क्षेत्रमा वर्गीकरण हुनुअघि खरिद गरिएको जग्गा आवासीय वा व्यावसायिक क्षेत्रबाहेक अन्य क्षेत्रमा परे पनि मन्त्रिपरिषद्को स्वीकृतिमा बिक्री गर्न सकिने बाटो खुलाइएको छ । मस्यौदामा भनिएको छ,'स्थानीय भूउपयोग परिषद्बाट भूउपयोग क्षेत्र वर्गीकरण हुनु अगावै स्वीकृति लिई खरिद गरेको जग्गा भूउपयोग क्षेत्र वर्गीकरण हुँदा आवासीय वा व्यावसायिक क्षेत्र बाहेकको अन्य क्षेत्रमा वर्गीकरण भएमा त्यस्तो वर्गीकरण भएको भन्दा फरक क्षेत्रमा प्रयोग नहुने शर्तमा नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति लिई ससीम वा कित्ताकाट गरी बिक्री गर्न बाधा पर्ने छैन।'

हदबन्दी छुट स्वीकृति लिएको जग्गा सम्बन्धित निकायबाट घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीको नाउँमा रहेको नेपाल सरकारको सूचित आदेशद्वारा तोकिदिएको हदसम्मको जग्गा सम्बन्धित स्थानीय भूउपयोग परिषद्बाट आवासीय वा व्यावसायिक क्षेत्रमा वर्गीकरण भएको र त्यस्तो वर्गीकरण क्षेत्रमा घडेरी विकास भएको वा घर वा आवास इकाइ (अपार्टमेन्ट)निर्माण भएको रहेको छ भने त्यस्तो विकसित घडेरी वा निर्माण भएको घर वा आवास इकाइ (अपार्टमेन्ट) एक पटकको लागि बिक्री गर्न सकिने उल्लेख छ ।
तर घर जग्गा व्यवसाय बाहेक कृषि फार्म, चिया उद्योग लगायतका व्यावसायिक कृषि उद्योग वा प्रतिष्ठान वा शिक्षण संस्था वा स्वास्थ्य संस्थाले हदबन्दी छुट स्वीकृति लिएको जग्गा स्थापनाको उद्देश्य विपरीत हुने गरी उपयोग गर्न वा बाँझो राख्न वा उद्देश्य परिवर्तन गरी घर जग्गा व्यवसाय गर्ने कम्पनीमा रूपान्तरण गरी त्यस्तो जग्गाको विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न पाइने छैन ।'

यस्तै सरकारी अभिलेखमा वन, वन क्षेत्र वा बुट्यान जानिएको तर संवत् २०६६ साल माघ २८ गतेभन्दा अघिदेखि नै आबाद कमोतमा रहेको जग्गालाई एकपटकका लागि पुनः नक्साङ्कन गरी वन क्षेत्रबाट छुट्याई नेपाल सरकारको नाममा अद्यावधिक गर्नुपर्ने छ ।
तर, यसरी नक्साङ्कन गर्दा उक्त जग्गामा वन नभई खाली रहेछ भने पनि त्यसलाई वन क्षेत्रमै कायम गरिनेछ ।

# उद्योगहरूले विद्युत् महसुल तिर्नैपर्छ :खड्का

झापा(प्रस) । ऊर्जा, जलश्रोत तथा सिंचाईमन्त्री दीपक खड्काले उद्योगहरूले प्रयोग गरेको विद्युत्को महसुल तिर्नुपर्दैन भनेर सरकारले कहिल्यै नभनेको स्पष्ट पारेका छन् । विद्युत् प्राधिकरणले प्रवाह गरेको विद्युत् उद्योग धन्दाहरुमा प्रयोग भएको र महसुल नतिरेर थन्किएको अवस्था रहेको बताए ।
त्यसरी सधैँ रही रहनु दुर्भाग्यपूर्ण भएको बताए । नेपाल विद्युत् प्राधिकरणको ४० औँ वार्षिकोत्सवका अवसरमा प्राधिकरणमा कार्यरत कर्मचारीलाई दीर्घसेवा पदक, अवकाश पदक र अमर विद्युतकर्मीलाई सम्मान कार्यक्रममा बोल्दै मन्त्री खड्काले उद्योग धन्दाहरूले प्रयोग गरे जति विद्युत्को महसुल तिर्नुपर्ने बताए ।
सरकारले सधैँ प्रयोग गरेको जति विद्युत्को महसुल तिर्नुपर्ने बताएको पनि उल्लेख गरे । प्रयोग भएको विद्युत्को महसुल तिर्नुपर्दैन भन्ने कुरा सरकारको कल्पना बाहिरको कुरा रहेको उनले बताए ।
उनले भने- 'हामीले प्रवाह गरेको विद्युत, उद्योग धन्दाहरूमा दिएको विद्युत्को महसुल नतिरेर थन्किएको अवस्थामा छ । त्यसरी सधैँ रही रहनु दुर्भाग्यपूर्ण हो । जति प्रयोग गरेको हो, त्यो बराबरको असुल गर्न सक्नुपर्छ । त्यो तपाईंहरुको होइन, विद्युत् प्राधिकरणको काम हो । सरकारले कहिले पनि भनेको छैन । यो विद्युत्को महसुल उठाउनु हुँदैन भनेर । सरकारले यति मात्रै भनेको छ, चाहे त्यो लाल आयोगको कुरा गर्नुस्, चाहे क्याबिनेट निर्णयको कुरा गर्नुस् वा मन्त्रालयको निर्णयको कुरा गर्नुस्, खालि के भनेको छ भने मान्छेलाई अन्याय हुन दिनु हुँदैन, जति प्रयोग गरेको हो, त्यतिको असुली गर्नुपर्दछ ।'
मन्त्री खड्काले भने, 'अहिले तपाईंले खाइरहेको खाना १ हजार, १५ सयको हुनसक्छ, त्यसको निश्चित मूल्य छ । त्यसका आधारहरू छन् । तर त्यो खानालाई ५ हजार रुपैयाँ हाल्नुभयो भने के हुन्छ ? फरक यति मात्रै हो । तिर्नु पर्दैन, उठाउनु हुँदैन भन्ने यो सरकारको कल्पना भन्दा बाहिरको कुरा हो ।'

उद्योगलाई निरुत्साहित गरेर नभई न्यायोचित प्रक्रियाबाट काम गरेर अघि बढ्न जरुरी रहेको बताए । टिओडी मिटरका आधारमा रकम असुल गर्ने उल्लेख गरिएको भन्दै टिओडी मिटर किन नराखेको भन्दै प्रश्न गरे ।

# बाटोको छेउमा अचेत भेटिएका श्रेष्ठको मृत्यु



झापा(प्रस) । बाटोको छेउमा अचेत भेटिएका बिर्तामोड ७ का ५० वर्षीय रमेश श्रेष्ठको मृत्यु भएको छ ।
शुक्रवार साँझ ५;२० बजे बिर्तामोड ७ रेखा टोलस्थित बाटोको छेउमा उनी अचेत फेला परेका थिए । उनलाई आफन्तसंग समन्वय गरी उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर लगिएकोमा उपचारका क्रममा साँझ ७ बजेतिर मृत्यु भएको बिर्तामोड ७ का वडाध्यक्ष अविरल कृष्ण खरेलले बताए । उनलाई मुटुसम्बन्धी समस्या रहेको बताइएको छ ।

## निजामतीसँग....

कोटको खोजीमा तल्लीन रहन्थें।

पसिना चुहाउँदै कोचिङ पढे निन्द्रा, भोक, तिर्खा, आफन्त नभनी बन्द कालो कोठामा गुप्तबास बास बसेर तयारी गरेँ झन् परीक्षा नजिकिँदै गर्दा जीवन नै तयारीका लागि व्यतित गरेर पहिलो पटक जाँच दिएँ तर प्रिय लोक सेवा पनि मेरी उनी जस्तै कठोर भइन्। उनको हृदय पग्लिएन त्यो पहिलो पटकको असफलता मेरो नाम प्रथम पत्रमै अटाउन सकेन।

आँखा रसाए मन भक्कानियो तर मैले हार मानिनँ, फेरि पढेँ। लोक सेवालाई भेट्ने अनि आफैसँग हराएँ। पढ्दै जाँदा मध्यरात भैसक्दा दिमागमा केही थान कुराहरू खेल्न थाल्थे, भावनाहरू कल्पित हुन्थे। असफलता तिमीले कहिलेसम्म साथ दिन्छौ देऊ। मलाई थाहा छ कि तिमीले पनि मेरी उनी जसरी एकदिन अवश्य साथ छोड्नेछौ।

मन्दिर गएर नमागेको पल थिएन, आँसुले नुहाएँ, दिनरात नभनी पढें अनि कयौंपटक जाँच दिएँ तर नाम आएन।

एक पटक सुदूरपश्चिम प्रदेशबाट चौथो तहमा नाम निकाल्न सफल भएँ तर बिडम्वना वैकल्पिक १ नम्बरमा परियो। पीडामाथि पीडा थपियो मनमा बलिरहेको आगोमा झन् घिउ थप्ने काम भयो। अनि आफैले आफैसँग प्रश्न गरेँ- के म योग्य छैन? पहिलो प्रेमिका। उनीसँग योग्य देखिएन, अहिले लोक सेवासँग पनि योग्य देखिएन तर पनि हार मानिनँ। पुनः सुरू गरे वैकल्पिक पश्चातको अर्को जाँच मेरो हातमा पऱ्यो। अर्थात् म सफल भई पाँचौंमा तहमा सिफारिस भएँ। जुन दिन असफलताको चाबी खिइन्छ नि त्यो दिन सफलताको ढोका स्वतः खुल्दा रहेछन्। सबै साथीहरूले बधाई दिए सामाजिक संजालमा फोटो राखे। म सफल भएको उनले पनि खबर पाइन्।

अर्कै फेसबुक आइडी खोलेर 'बधाई छ तिमी मेरो लागि जन्मेका रहेछौ। तर मैले बुझिनँ। बुझ्न ढिला भयो। सक्छौ भने मलाई माफ गरिदेऊ। हुन त म तिमीले माफी दिन लायक पनि छैन। यदि समय मिल्छ भने एकपटक भैटौं न' भनेर लेखेको म्यासेज मेरो म्यासेन्जरमा अचानक भेटेँ।

केहीबेर मन भक्कानियो अनि मुटुमाथि ढुङ्गा राखेर प्रतिक्रिया स्वरूप लेखेँ- तिमीलाई नपाउँदाको पीडामा म हाँस्न सिक्दैछु, आँसु लुकाउन सिक्दैछु, तिमीलाई माया गरेकोमा मलाई गर्व छ। आज तिमिले मलाई लोक सेवा उपहार दिएर गयौ अर्थात् निजामती कर्मचारी बनायौ। मेरो प्रेम साँचो थियो, रहिरहनेछ। अब म तिमीलाई चाहेर पनि यो जुनीमा भेट्न सक्दिनँ। सरी! अर्को जुनीमा भेटौंला, तिमी पनि नीलो सारीमा सजिएर आउनु ल ।'

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ।
**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।
**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।
**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।
**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर
**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत
**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।
**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।
**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन
**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।
**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।
**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।